मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

३० औं विश्व आदिवासी दिवसको अवसरमा कोशी प्रदेश एवम स्वदेश तथा विदेशमा रहनु भएका आदिवासी जनजाति समुदायसहित सम्पूर्ण नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। आजको दिनले संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन र सुदृढीकरण एवम् अधिकार प्राप्तिको अभियानमा निरन्तर सफलता मिल्ने विश्वास लिएको छु।

हाम्रो देश सबैको साझा फुलबारी हो। नेपालमा आदिवासी जनजातिहरुको ठूलो सङ्ख्या छ। त्यसमा पनि कोशी प्रदेश आदिवासी जनजातिहरुको ठूलो जनसङ्ख्या भएको प्रदेश हो। कोशी प्रदेशमा आदिवासीहरुको सदिऔंदेखिको बसोबास रहेको छ। आदिवासी जनजाति समुदायले नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्नुभएको छ। प्रथम सहिद लखन थापादेखि अहिलेसम्म भएका परिवर्तनका आन्दोलनमा आदिवासी जनजातिको योगदान स्मरणीय छ। आदिवासी जनजातिहरुको विभिन्न भाषा, संस्कृति, परम्परा र संस्कारले कोशी प्रदेशलाई समृद्ध बनाएको छ। खुवालुङदेखि माङ्सेबुङलगायतका पवित्र स्थलहरु हाम्रो प्रदेशका अमूल्य सम्पत्ति हुन्। प्रदेश सरकार प्रदेशमा रहेका सबै आदिवासी जनजातिहरुको भाषा, संस्कृति, संस्कार र परम्परालाई संरक्षण र विकास गर्दै उहाँहरुको पहिचानलाई थप परिस्कृत बनाउन लागिपरेको छ। आदिवासीहरुका धार्मिक धरोहरहरुको संरक्षण र संग्रहालयमार्फत समुदायहरुको पहिचानलाई वर्षौंसम्म चिरस्थायी बनाउन सरकारले काम गरिरहेको छ।

संयुक्त राष्ट्रसंघले सन् १९९४ को अगष्ट ९ बाट विश्व आदिवासी दिवस मनाउन सुरु गरेको हो। यो दिवसले आदिवासीहरुलाई आफ्नो अधिकार स्थापित गर्दै विकास र समृद्धिमा जोड्नका लागि प्रेरणा दिने विश्वाससहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

इति सम्वत् २०८१ श्रावण २५ गते

हिक्मतकुमार कार्की

मुख्यमन्त्री

मुख्यमन्त्री

फोन नं. +९७७-०२१-४७५१६६

ईमेल:- info.ocmcm@p1.gov.np